# सरावल गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३ को

# नीति तथा कार्यक्रम

**सरावल गाउँपालिका**

२०८२

सरावल गाउँपालिकाका अध्यक्ष सुखाडी प्रसाद चौधरीद्वारा सरावल गाउँपालिकाको गाउँसभाको १६औं अधिवेशनमा प्रस्तुत

सरावल गाउँपालिकाको गाउँसभाको १६औं अधिवेशन समारोहमा उपस्थित गाउँसभाका उपाध्यक्ष ज्यु, सभा सचिवज्यू, सभामा उपस्थित सम्पूर्ण गाउँसभा सदस्य ज्यूहरु, उपस्थित पत्रकार, सुरक्षाकर्मी र राष्ट्रसेवक कर्मचारी तथा संचार माध्यमबाट प्रत्यक्ष जोडिईरहनुभएका सरावलबासी महानुभावहरु,

नेपालको संविधान २०७२ मार्फत संघीय लोकतान्त्रीक गणतन्त्रात्मक नेपालको स्थापना भएसँगै संघिय संरचना अन्तरगत निर्माण भएका स्थानीयतहहरुको राजनीतिक प्रतिनिधित्व मार्फत जनताको नजिकको सरकारको रुपमा चिनिने स्थानीय सरकारको प्रमुखको रुपमा सरावल गाउँपालिकाको आर्थिक वर्ष २०८२।८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्तित महसुस गरेको छु ।

सर्वप्रथम यस महत्वपुर्ण समयमा म नेपालमा नागरिक सर्वोच्चता र लोकतन्त्रको स्थापना तथा मुलुकको समृद्धि र अग्रगमनका लागि इतिहासका विभिन्न कालखण्डमा भएका राजनीतिक क्रान्ति, जन विद्रोह, जनआन्दोलन लगायतका बलिदानीपूर्ण संघर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै, मुलुकमा राजनैतिक परिवर्तनको लागि विभिन्न समयमा नेतृत्व प्रदान गर्नुहुने श्रद्धेत नेताहरु, समुन्नतिको चाहना राख्नु हुने सम्पूर्ण सरावल गाउँपालिकावासी जनतामा हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

**सभासदस्यज्यूहरु,**

राज्य केहि समय देखी विभिन्न कारणले आर्थिक संकट र महङ्गीको समस्या संग जुधिरहेको छ। यसबाट संघिय, प्रदेश र स्थानीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गई स्थानीय तहले संघ र प्रदेशबाट पाउनु पर्ने वित्तिय हस्तान्तरणमा नकारात्मक असर परेको बेला नेपालको संवैधानिक व्यवस्था बमोजिम यस सरावल गाउँपालिकाको अगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम सम्मानीत गाउँसभा समक्ष पेश गर्न गईराखेको छु। यस अवसरमा स्थानीय सरकारलाई प्राप्त हुँदै आएको रचनात्मक साथ, समर्थन र सहयोगका लागी सम्पूर्ण गाउँपालिका बासीमा हार्दिक

धन्यवाद ज्ञापन गर्दछु । प्रस्तुत नीति तथा कार्यक्रमले सरावल गाउँपालिकाको सुशासन प्रर्वद्धन, आर्थिक तथा सामाजिक विकासमा टेवा पुर्याउदैं समृद्ध पालिका निर्माण गर्ने विश्वास लिएको छु ।

**सभासदस्यज्यूहरू,**

सरावल गाउँपालिकाको आगामि आ.व. का लागि नीति तथा कार्यक्रम मुलतः नेपालको संविधानमा उल्लेखित एकल र साझा अधिकार सूची, आर्थिक अधिकार र आर्थिक कार्य प्रणाली, मौलिक हकहरु, प्राकृतिक स्रोतको उपयोग नीति, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन, नेपाल सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु, नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघिय सरकार तथा प्रदेश सरकारको विकासका प्राथमिकताका क्षेत्रहरु, विकासका समसामयिक मुद्दाहरु, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, मध्यमकालीन खर्च योजना, सरावल गाउँपालिकाको आवधिक योजनाबाट प्राप्त मार्गदर्शन सहित गाउँपालिकाको गाउँ, वस्ती टोल हुँदै वडा समिति र विषयगत समितिहरुको बैठकबाट उठाईएका विषयवस्तुहरू, राजनीतिक दल लगायत सरोकारवालाहरु सँग छलफल, देश विदेशमा रहनुहुने सरावल गाउँपालिकाबासीको सामाजिक सञ्जाल र अन्तरक्रियामार्फत प्राप्त सुझाव, स्थानीय जनताको माग, अपेक्षा तथा भावनाहरुलाई प्रमुख आधार मानी तयार गरेको छु।

सरावल गाउँपालिका आफैमा एक विशिष्ट भौगोलिक बनावट भएको चुरे क्षेत्रदेखि भारतको सीमानासंग जोडिएको पालिकाको हो । गाउँपालिकाको न्युन आन्तरिक स्रोत एवं विकासको उच्च सम्भावना तथा मागहरूको सन्तुलनका लागि स्पष्ट कार्यनीति अवलम्बन गर्नुपर्ने आवश्यकता रहेको महसुस गरेको छु ।

सरावल गाउँपालिका लोकतन्त्रका आधारभुत मुल्य मान्यता, मानव अधिकार, सामाजिक न्याय, सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसात गर्दै विधिको शासनप्रति पुर्ण प्रतिबद्ध छ । लोकतन्त्रलाई सामाजिक जिवनपद्धतिको रुपमा स्थापित गर्ने कुरामा गाउँपालिका हरपल प्रयत्नशिल छ । गाउँपालिकाको भौगोलिक, आर्थिक, सामाजिक, तथा सांस्कृतिक विविधतालाई आत्मसात गर्दै सन्तुलित र समन्यायिक विकासको बाटो अघि बढ्न गाउँपालिका दृढ छ ।

**आदरणीय सभाका सदस्य ज्युहरुः**

अब म आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

**गाउँपालिकाको सामाजिक विकास तर्फको नीति तथा कार्यक्रम**

१.माध्यमिक तहसम्मको शिक्षालाई बालमैत्री, सिकाइमैत्री, प्रविधिमैत्री तथा गुणस्तरीय बनाउन विद्यालयमा सूचना प्रविधि प्रयोगशाला, पुस्तकालय, विज्ञान प्रयोगशाला, सुविधा सम्पन्न खेलमैदान, स्वच्छ खानेपानी, सुविधायुक्त शौचालय, अपाङ्गमैत्री पूर्वाधार विकासमा बजेट विनियोजन गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

२.सरावल गाउँपालिकाको शैक्षिक गुणस्तर सुधार कार्यक्रमका लागि प्राप्त विशेष अनुदान उत्कृष्ट परिचालन तथा विद्यालयमा गुणस्तरीय शिक्षालाई प्राथमिकता दिई व्यवहारिक, प्राविधिक तथा व्यावसायिक शिक्षामार्फत गुणस्तरीय जनशक्ति उत्पादन गर्ने दीर्घकालीन नीति लिइनेछ।

३.सरावल गाउँपालिकाभित्रका सामुदायिक माध्यमिक विद्यालयहरूको शैक्षिक गुणस्तर वृद्धिको लागि उपलब्ध गराउँदै आएको गाउँपालिका अनुदान कोटालाई निरन्तरता दिँदै आगामी आ.व.मा अत्याधिक विद्यार्थिको चाप भएको विद्यालयमा विद्यमान आन्तरिक दरबन्दीको पुनः संरचना गरी **"विद्यार्थी अनुसार शिक्षक दरबन्दी"** भन्ने नारालाई निरन्तरता दिइनेछ।

४. सबै विद्यालयहरूलाई सूचना प्रविधिमा आधारित तालिमको व्यवस्था गरी शैक्षिक क्रियाकलापमा रहेको Digital Divide कम गरिनेछ।

५. गाउँपालिकाबासीमा अध्ययन अनुसन्धार संस्कारको विकास गर्न सामुदायिक पुस्तकालय (Community learning Centre) को स्थापनाको लागि पहल गरिनेछ ।

६.सामुदायिक विद्यालयहरूमा अध्ययनरत विद्यार्थिको लागि निशुल्क पाठ्यपुस्तक, बैकल्पिक शैक्षिक सिकाई सामाग्री, छात्राहरुका लागि गुणस्तरीय सेनेटरी प्याडको व्यवस्थालाई निरन्तरता दिइनेछ।

७. आदर्श मा.वि. खोखरपुरा र जनता नमुना मा.वि. मनरीमा शैक्षिक गुणस्तर वृद्धि गरी नमुना तथा व्यावसायिक अध्ययन अध्यापनको उत्कृष्ट केन्द्रको रूपमा विकास गरिनेछ।

८. गाउँपालिकाभित्रका विद्यालयहरूमा अध्ययनरत कक्षा ८ तथा १० को नतिजाका आधारमा उत्कृष्ट विद्यार्थीहरूलाई प्रोत्साहन तथा पुरस्कार वितरण कार्यक्रम सञ्चालनमा ल्याइनेछ। बाल विकासदेखि कक्षा पाँचसम्म अध्ययन गर्ने बालबालिकाहरूको नियमितता तथा गुणस्तरीय सिकाइमा प्रोत्साहित गर्नको लागि स्वस्थ तथा गुणस्तरीय दिवा खाजाको व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ।

९. राष्ट्रिय पाठ्यक्रम प्रारूपको मापदण्ड अनुरूप निर्माण भएको **"हाम्रो सरावल"** नामक स्थानीय पाठ्यक्रमलाई यसै शैक्षिक सत्र २०८२ देखि कक्षा १ देखि ८ सम्म पूर्ण रूपमा कार्यान्वयनमा ल्याइनेछ तथा स्थानीय आवश्यकता अनुरूप थप व्यवहारिक तथा जीवनोपयोगी एवम् समय सान्दर्भिक बनाउन आवश्यक व्यवस्था मिलाइनेछ।

१०. विद्यालयको नियमित अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी एवम् व्यवस्थित बनाइनेछ तथा कार्यसम्पादनमा उत्कृष्ट देखिएका विद्यालयहरूलाई प्रोत्साहित गर्ने नीतिलाई निरन्तरता दिइनेछ। कक्षा ५, ८, १० र १२ को अन्तिम परीक्षाको नतिजा विश्लेषण गरी कमजोर नतिजा भएका विद्यालय तथा शिक्षकलाई नतिजाप्रति जिम्मेवार बनाउने नीति लिइनेछ।

११. कार्यसम्पादनमा उत्कृष्ट शिक्षक तथा विद्यार्थीहरूलाई सम्मान गरी शिक्षण पेशालाई मर्यादित र सम्मानित बनाइनेछ। साथै कार्यसम्पादनमा कमजोर देखिएका विद्यालय तथा शिक्षकहरूलाई थप जिम्मेवार बनाउँदै लगिनेछ। शिक्षक, विद्यालय कर्मचारी र सामुदायिक सिकाइ केन्द्रका सहजकर्ताहरूलाई समयसापेक्ष तालिम दिई कार्यक्षमता वृद्धि गरी तलब भत्ता तथा प्रोत्साहनको व्यवस्था मिलाइनेछ।

१२. शिक्षामा पहुँच स्थापित गरी र शिक्षालाई रोजगारीसँग जोड्न गाउँपालिका क्षेत्रभित्र स्नातक तहसम्मको अध्ययनलाई क्रमशः सहज बनाउँदै लगिनेछ। यसका लागि उच्च शिक्षामा अध्ययनरत दलित, विपन्न जेहेनदार विद्यार्थीहरूलाई **अध्यक्ष शैक्षिक प्रोत्साहन कार्यक्रम** अन्तर्गत सिकाइ निरन्तरताको व्यवस्था तथा उच्च शिक्षाको लागि **अध्यक्ष छात्रवृत्ती कार्यक्रमको** सुरुवात गरिनेछ ।

१३. **"स्वास्थ्यको लागि खेलकुद, राष्ट्रको लागि खेलकुद"** भन्ने मूल नारालाई आत्मसात गर्दै **"एक वडा एक खेलमैदान निर्माण"** कार्य अगाडी बढाईनेछ । साथै विद्यालय तहदेखि नै कार्यान्वयनमा ल्याउन राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगितालाई थप व्यवस्थित र प्रभावकारी बनाउँदै लगिनेछ ।

१४. स्वास्थ्य शिक्षाको प्रभावकारी वृद्धि गरी लागू पदार्थको दुर्व्यसन, कुलत आदिबाट जोगाई खेलकुदका माध्यमबाट स्वस्थ नागरिक बनाउने उद्देश्य अनुसार स्थानीय युवाहरूलाई खेलकुदप्रति प्रेरित हुनेगरी **"सरावल कोलवृक्ष कप खेलकुद प्रतियोगिता"** र **"उपाध्यक्ष कप"** खेलकुद प्रतियोगिता सञ्चालनलाई निरन्तरता दिइनेछ।

१५. सामुदायिक विद्यालयहरुमा विद्यार्थीको भर्नादर अभिवृद्धी गर्न अनुदानमा यातायात साधन उपलब्ध गराईने नीतिलाई निरन्तरता एवं उपलब्ध गराईएका यातायात साधनको व्यस्थापन खर्च आवश्यकताको आधारमा उपलब्ध गराईनेछ ।

१६. सरावल गाउँपालिकाको शैक्षिक विकास कार्यक्रम अन्तरगत सामुदायिक विद्यायलको शैक्षिक गुणस्तरमा सुधारका निम्ति विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक, प्रधानाध्यापकको क्षमता विकास तालिम, तथा **अभिभावक सचेतना कार्यक्रम**को वृहत सुरुवात गरिनेछ ।

१७. सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण गर्ने कार्यलाई थप व्यवस्थित बनाइनेछ। यस कार्यमा देखा परेका समस्याहरूलाई समन्वयात्मक रूपमा समाधान गर्दै सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वडा स्तरमा गई वितरण गरिने व्यवस्था मिलाउन पहल गरिनेछ।

१८. राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभाग अन्तर्गत सञ्चालित सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजनाबाट प्राप्त हुने अनुदानलाई परिचालन गरी व्यक्तिगत घटना दर्ता समय र प्रविधि मैत्री बनाई गाउँबासीलाई सहजता दिइनेछ। सामाजिक सुरक्षा र घटना दर्ता प्रणाली सुदृढीकरण गर्न आगामी आर्थिक वर्ष देखि Biometric Verification द्वारा सामाजिक सुरक्षा भत्ता नवीकरण र नयाँ फारम दर्ता गरिनेछ।

१९. मृगौला प्रत्यारोपण गरेका, डायलासिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधोपचार बापतको सामाजिक सुरक्षा भत्तामा निरन्तरता दिइनेछ।

२०. **"पालिकाबासीलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क"** को अवधारणा लिँदै आधारभूत स्वास्थ्य सेवा निःशुल्क पाउने पालिकाबासीहरूको मौलिक हकलाई सुनिश्चित गर्ने साथै स्वास्थ्य संस्थाको सेवालाई गुणस्तरीय, प्रभावकारी रूपले सञ्चालन गर्न थप व्यवस्थित गरी सम्पूर्ण वडाका स्वास्थ्य संस्थाहरूबाट स्वास्थ्य सेवा प्रवाह गरिनेछ। यसै आ.व.भित्र सम्पूर्ण स्वास्थ्य संस्थाहरूलाई किशोर किशोरी मैत्री बनाइनेछ।

२१. महिलाको सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सुरक्षाको लागि पालिकामा रहेको बर्थिङ सेन्टरको सेवालाई सुदृढ बनाउँदै लगिनेछ। **उपाध्यक्ष सँग सुतकेरी भेटघाट कार्यक्रमको** सुरुवात गरी सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत प्रोटोकल अनुसार नियमित चेकजाँच, पोषणयुक्त समाग्री सहितको भेटघाट, निःशुल्क प्रदान गरिँदै आएको एम्बुलेन्स सेवा, झुल, क्याल्सियम चक्की, फोलिक एसिड चक्की, पोषण झोला कार्यक्रमहरू मार्फत पालिकालाई Zero Home delivery पालिका घोषणा गर्ने अभियान चलाईनेछ ।

२२. कुपोषण मुक्त गाउँपालिका बनाउन बहुक्षेत्रीय पोषण योजना अन्तर्गत सञ्चालन हुँदै आएको कार्यक्रमलाई अपनत्व ग्रहण गर्दै गाउँपालिकाबाट जनशक्ति र कार्यक्रमको निरन्तरता सुनिश्चित गरिनेछ। पोषण सुधारको लागि समुदायस्तरमा सचेतनामूलक कार्यक्रम विस्तार गर्नुका साथै समुदायमा लुकेर रहेका कुपोषित बालबालिकाहरूलाई खोज तलास गरी उपचारको दायरामा ल्याउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

२३. पूर्ण नियमित खोप सुनिश्चितता तथा पूर्ण संस्थागत प्रसूति पालिका सुनिश्चितता गरिनेछ। खोप लगाउन आएका बालबालिकाहरूलाई खोप लगाउनु अघि स्वास्थ्य जाँच गरिनेछ।

२४. **"स्वस्थ्य सरावल समृद्ध गाउँपालिका"** नारालाई आत्मसात गर्दै गाउँघरमै विशेषज्ञ सेवा उपलब्ध गराउन निशुल्क स्वास्थ्य शिविरहरू सञ्चालन गरिनेछ। **अध्यक्षसँग ज्येष्ठ नागरिक कार्यक्रम** अन्तर्गत ७५ वर्ष माथिका जेष्ठ नागरिक तथा पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका नागरिकहरूलाई घरमै गई प्रत्येक चौमासिकमा स्वास्थ्य जाँच गर्ने तथा आधारभुत स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

२५. **"क्षयरोग मुक्त सरावल अभियान"** सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरी समुदायमा रहेका बिरामीहरूको खोजी गरी उपचार गरिनेछ साथै माइक्रोस्कोपिक क्याम्प कार्यक्रम सञ्चालन गरिनेछ।

२६. **"स्वस्थ जीवनशैलीका लागि योग"** भन्ने नीति अवलम्बन गरी सन्तुलित आहार, शारीरिक ब्यायाम, स्वस्थकर खानपान, योग, ध्यान र प्राणायाम जस्ता कार्यक्रमलाई प्राथमिकतामा राखी निरोगि सरावलबासी कार्यक्रम सञ्चालन गरिनेछ। साथै स्तनपायी आमाहरूका लागि दुग्धवर्धक जडीबुटी तथा जेष्ठ नागरिकहरूलाई शक्तिवर्धक आयुर्वेदिक औषधि वितरण गरिनेछ।

२७. सरावल गाउँपालिका भित्रका स्थायी बासीलाई उपचारार्थ रगतमा लाग्ने रकममा अनुदान कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।

२८. सामुदायिक स्वास्थ्य प्रवर्द्धनमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको कामको कदर गर्दै स्वयंसेविकाहरूको सेवालाई जवाफदेही, प्रभावकारी बनाई कामप्रति उत्प्रेरित गर्नको लागि हाल उपलब्ध गराउँदै आएको सेवा सुविधामा समयानुकूल सुधार गरिनेछ।

२९. विभिन्न नसर्ने रोग रोकथाम गर्न समुदायस्तरमा प्रवर्द्धनात्मक तथा स्वास्थ्य शिक्षाका जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी स्क्रिनिङ सेवा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ। साथै आपतकालीन रूपमा आइपर्ने महामारी रोग नियन्त्रणका लागि आवश्यक तयारी गरिनेछ।

३०. एच.आइ.भि/एड्स, क्षयरोग, कुष्ठरोग सहितका कार्यक्रमहरूलाई थप प्रभावकारी रूपमा सञ्चालन गरिनेछ। साथै औलो, कालाजार, हात्तीपाइले, डेगु, स्क्रब टाइफस लगायतका रोगहरूको रोकथाम, नियन्त्रण, तथा निवारणका लागि कार्यक्रमहरू सञ्चालन गरिनेछ।

३१. कक्षा ५ सम्मका विद्यार्थीहरूको जेठ महिनामा विद्यालयमै स्वास्थ्य अवस्थाको जाँच (स्क्रिनिङ) को व्यवस्था गरिनेछ। किशोरकिशोरी स्वास्थ्य एवं विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन गरिनेछ। स्वास्थ्यका सूचकहरूमा सुधार ल्याउन आवश्यकताको आधारमा स्वयंसेवक परिचालन गरिनेछ।

३२. मानव सेवा आश्रमको सहकार्यमा सडकमा आश्रीत मानिसहरुलाई उद्धार गरी **सरावल गाउँपालिकालाई सडक आश्रीत मानव मुक्त गाउँपालिका** घोषणा कार्यक्रम आगाडी बढाईनेछ ।

३३. लैङ्गिक हिंसामा परेका, अपाङ्गता भएका व्यक्ति, असहाय बालबालिका र जेष्ठ नागरिकको संरक्षण, संवर्द्धन, सुरक्षा एवं विकासको लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ।

३४. महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाती, मुस्लिम, अल्पसंख्यक आदिलाई सकारात्मक प्रभाव पर्ने गरी विकास निर्माण प्रक्रियामा जोडिनेछ।

३५. एकल महिलाहरूका लागि आयमूलक, सीपमूलक, क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनेछ। महिला हिंसा, बाल श्रम, मानव बेचबिखन र लागू औषध दुर्व्यसन विरुद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। सडक बालबालिकाहरूलाई राहत, उद्धार, संरक्षण, पुनर्मिलन गराउने कार्यमा पहल गरिनेछ।

३६. सरावल गाउँपालिकाभित्र संचालित गैरसरकारी संघ संस्थाहरूको कामकारवाहीलाई व्यवस्थित गर्न एकिकृत अभिलेख तयार गरी संघ संस्थाको प्रोफाईल निर्माण गरिनेछ साथै गाउँपालिकाको अभियानमा सहकार्यका लागि परिचालन हुन विशेष व्यवस्था गरिनेछ ।

३७. पालिका भित्र सबै किसिमको बालश्रम उन्मूलन गर्ने नीति ल्याइनेछ। बालबालिकाहरूलाई उनीहरूसँग सम्बन्धित नीति, नियम, ऐन, नियम तर्जुमा सामाजिक कार्य आदिमा सहभागी गराई गाउँपालिकालाई बालमैत्री गाउँपालिका घोषणा गर्न आवश्यक पूर्वाधारको विकास गरिनेछ।

३८. ग र घ वर्गका अपाङ्गता भएका व्यक्तिहरूलाई निःशुल्क स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ। जेष्ठ नागरिकहरूलाई जेष्ठ नागरिक परिचयपत्र वितरणमा निरन्तरता दिइनेछ। आवश्यकताको आधारमा अपाङ्गता सहायता सामग्री प्रदान गरिने कार्यलाई निरन्तरता दिइनेछ।

३९. आयुर्वेदिक चिकित्सा प्रणालीको विस्तार र प्रवर्द्धन गरिनेछ। वडाहरूमा जनचेतनामूलक कार्यक्रम तनाव व्यवस्थापन, नसर्ने रोग व्यवस्थापन, स्वस्थ जीवनशैली अपनाउन आहार, विहार, विचार र व्यवहार परिवर्तन गर्न प्रोत्साहन गरिनेछ। आयुर्वेद उपचारात्मक (ओ.पी.डी. तथा शिविर), प्रवर्द्धनात्मक तथा पूर्वकर्म, पञ्चकर्म तथा शिरोधारा सहितको आयुर्वेद स्वास्थ्य सेवालाई विस्तार गरिनेछ।

४०. विद्यालयमा शिक्षक र विद्यार्थीहरूलाई आयुर्वेद स्वास्थ्यवृत्त (दिनचर्या, ऋतुचर्या, आहार-विहार आदि) सद्वृत्त, आचार रसायन आयुर्वेद जीवनशैली सम्बन्धी सचेतना गराई स्थानीय स्तरमा प्राप्त हुने जडीबुटीको परिचय र उपयोगिता बारे जानकारी गराउने, योग र ध्यानको बारेमा जानकारी दिई योगका विभिन्न क्रियाकलापहरूको अभ्यास गराउने र सिकाउने जस्ता कार्यक्रम सञ्चालन गरिनेछ। साथै नागरिक स्वास्थ्यलाई ध्यानमा राखी **दैनिक नियमित योग शिविर सञ्चालन गर्न आवश्यक पूर्वाधारहरू** सुधार तथा निर्माण गरिनेछ।

४१. जेष्ठ नागरिक आयुर्वेद स्वास्थ्य प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिनेछ। साथै स्तनपान गराउने आमालाई मातृशिशु सुरक्षार्थ कार्यक्रमलाई निरन्तरता दिनेछ।

४२. गाउँपालिका स्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति साथै वडा स्तरीय खानेपानी सरसफाइ स्वच्छता समन्वय समितिहरूको काम, कर्तव्य र अधिकारलाई व्यवस्थित गर्रिंदै लगिनेछ।

४३. सामुदायिक विद्यालयमा सरसफाइ कार्यक्रमलाई प्रभावकारी बनाउन शिक्षक, विद्यार्थी तथा अभिभावकलाई सचेतनामूलक कार्यक्रम सञ्चालन तथा सरसफाइ सामग्री वितरणलाई निरन्तरता दिइनेछ।

४४. डुबान ग्रस्त क्षेत्र सरावल ५, ६ र ७ का प्रत्येक घरपरिवारलाई स्वच्छ खानेपानीको प्रबन्ध गर्न संघ तथा प्रदेश सरकारसँग पहल गरिनेछ।

४५. गाउँपालिका भित्र निर्माण भएका ओभरहेड टंकीहरुबाट खानेपानी सेवा विस्तार गरिनेछ। यस कार्यक्रमका लागि सम्बन्धित खानेपानी उपभोक्ता समितिहरुलाई परिचालन गरिनेछ।

४६. **"आफ्नो गाउँ आफैं सफा गरौं"** भन्ने नारासहित सबै वडाहरूमा टोल विकास संस्थाको अगुवाइमा महिनामा एक पटक गाउँबासीहरू, जनप्रतिनिधिहरू र कर्मचारीहरू मिलेर वडा सरसफाइ कार्यक्रम सञ्चालन गरिनेछ। गाउँ, बस्तिका नाला सरसफाई लगायत सडक अवरोध हटाउन सरसफाई अभियानको सुरुवात गरिनेछ ।

४७. गाउँपालिकाभित्रको बजार क्षेत्र लगायतका स्थानमा आवश्यकता अनुसार सार्वजनिक शौचालय निर्माण गरी पालिकाको सरसफाइको अवस्थामा सुधार ल्याइनेछ।

४८. गाउँपालिका भित्र निर्माणधिन अवस्थामा रहेको ओभरहेड टंकी, अफिस रुम, कम्पाउण्ड वाल र पाइप लाइन विस्तारको लागि खानेपानी तथा सरसफाइ संग सम्बन्धित निकाय संगको समन्वय तथा गाउँपालिका समेतको साझेदारीमा अन्तिम चरणमा रहेका आयोजनाहरु सम्पन्न गरी संचालनमा ल्याउनका लागिपहल गरिनेछ।

**गाउँपालिकाको आर्थिक विकास तर्फको नीति तथा कार्यक्रम**

४९. वास्तविक किसानको पहिचानका लागि **किसान परिचयपत्र वितरण** गर्ने र सोही परिचयपत्रका आधारमा कृषि सामग्री, उपकरण, मलखाद र बीउबिजनमा **प्रत्यक्ष अनुदान** उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

५०. गाउँपालिका भित्रका कृषक, कृषक समूहहरूको माग बमोजिम साना ठूला कृषि यन्त्र तथा उपकरणहरू उपलब्ध गराई कृषि यान्त्रिकीकरणमा जोड दिइनेछ।

५१. वैदेशिक रोजगारबाट फर्केका तथा स्वदेशमै रहेका बेरोजगार युवाहरूलाई कृषि रोजगारतर्फ उन्मुख गराउन कृषि सम्बन्धी तालिम, मागमा आधारित कृषि कार्यक्रम सञ्चालन तथा योगदानमा आधारित अनुदान कार्यक्रम सञ्चालन गरिनेछ।

५२. च्याउ, तरकारी, धान तथा गहुँको बीउमा अनुदान उपलब्ध गराई उत्पादनमा वृद्धि ल्याइनेछ। निःशुल्क माटो परीक्षण गराई माटोको अवस्था सुधारका उपायहरू अवलम्बन गरिनेछ।

५३. सिँचाइ क्षेत्रको विस्तार, नर्सरी स्थापना, पोष्टहार्वेष्ट तथा बीउ भण्डारण, रोगकिरा नियन्त्रणका लागि विषादी, जैविक मल व्यवस्थापन, वडा स्तरमा प्राविधिकको पहुँच, विरुवा वितरण जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ।

५४. कृषि सम्बन्धी पालिका स्तरीय तथ्यांक अद्यावधिक, कृषि समूह तथा फारमहरूको व्यवस्थापन तथा किसान सूचीकरणकार्यलाई आगामि आ.व.मा पुर्णता प्रदान गरी कृषक वर्गीकरण सहितको किसान परिचय पत्र वितरण गरिनेछ।

५५. कृषि प्रविधि विस्तारका लागि प्लाष्टिक टनेल, मल्चिङ तथा सिँचाइ कार्यक्रम सञ्चालन गरिनेछ। कृषि लाई आधुनिकीकरण तथा व्यवसायीकरण तर्फ उन्मुख गराई कृषकहरूको आयस्तर वृद्धिमा जोड दिइनेछ।

५६. कृषि जन्य बालीवस्तुको संकलन तथा बजारीकरणमा विशेष पहल गरिनेछ। एक वडा एक उत्पादन कार्यक्रमलाई प्राथमिकताको आधारमा अगाडी बढाइनेछ।

५७. रासायनिक मल तथा विषादी व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गर्दै समस्यालाई न्यूनीकरण गर्न किसानलाई जैविक खेती, जैविक मल तथा जैविक विषादी बनाउन तर्फ प्रोत्साहन गरिनेछ।

५८. गाउँपालिकामा सञ्चालित कृषि पशु लगायतका हाट बजारहरूको उचित अनुगमन तथा मूल्याङ्कन गरी स्तरोन्नति गरिनेछ।

५९. असिंचित क्षेत्रलाई सिँचाइका लागि विशेष कार्यक्रम ल्याइनेछ। खेतीयोग्य जमिन बाँझो रहेको कारण कृषि जन्य वस्तुको उत्पादनमा ह्रास आई देशको अर्थतन्त्रमा प्रतिकूल असर परेको छ। सोको निराकरणका लागि विशेष व्यवस्था मिलाइनेछ।

६०. गाउँपालिकामा उत्पादित कृषि जन्य उपजको संकलन तथा संरक्षण र बजारीकरण गर्न सहकारी मार्फत समन्वय गरी कृषि उपजको समर्थन मूल्य निर्धारण गरिनेछ र गोइनीमा रहेको कृषि उपज संकलन केन्द्रसंग समन्वय गरी सञ्चालनमा ल्याइनेछ।

६१. दिगो सिँचाइको व्यवस्था गर्न झरही खोला, गण्डक नहर तथा धनेवा खोलाबाट लिफ्ट सिँचाइ मार्फत खेती योग्य जमिनमा सिँचाइको व्यवस्था पहल गरिनेछ। लिफ्ट सिँचाइको सम्भव नभएको स्थानहरूमा डिप ट्युवेल र स्यालो ट्युवेल मार्फत सिँचाइको सुविधा पुर्याइनेछ।

६२. बाढी प्रभावित क्षेत्रको वडा नं. ५, ६, र ७ का लागि गहुँ बालीमा विशेष जोड दिई ३ वटा गहुँ पकेट स्थापना गरिनेछ।

६३. वडा नं. १, २ र ३ मा मकै बालीको उत्पादन वृद्धि गर्नको लागि विशेष कार्यक्रम सञ्चालनमा ल्याइनेछ। प्राङ्गारिक उत्पादनलाई प्रोत्साहन गरी उत्पादन तथा बजारीकरणमा विशेष पहल गरिनेछ। उत्पादन लागत न्यूनीकरण गर्न कृषि विद्युतीकरणलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ।

६४. उखु तथा बेसार खेतीको क्षेत्र विस्तारका लागि विशेष कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

६५. एक वडा एक प्राविधिक राष्ट्रिय नीतिलाई अवलम्बन गरिनेछ। कृषि उत्पादनको हिसाबमा कृषि पेशालाई सम्मानित गरी कृषकहरूको मनोबल उच्च बनाइने कार्यक्रमको व्यवस्था मिलाइनेछ।

६६. पशुपन्छीमा बेला बेलामा देखा पर्ने महामारी जन्य रोगहरू विरुद्ध समयमै खोप लगाइनेछ। पि.पि.आर र खोरेत रोग विरुद्धको खोप कार्यक्रम मार्फत पूर्ण खोपयुक्त पालिका बनाइनेछ।

६७. कृषकहरूलाई थप व्यावसायिक बनाउन र स्वरोजगारतर्फ उन्मुख गराउन साना यन्त्र उपकरणमा थप सहुलियत दिई उत्पादन लागत कम गर्दै उत्पादन वृद्धि गर्ने सहयोग पुग्ने कार्यक्रम सञ्चालन गरिनेछ।

६८. पशुपन्छी विकास तथा प्रसारको लागि यस वर्षदेखि कृषकले पालन गरेको गाई/भैंसीलाई कृत्रिम गर्भाधान गरे बापत प्रति गाई/भैंसी रू २०० रूपैयाँ सहुलियत कार्यविधि निर्माण गरी कार्यक्रम सञ्चालन गरिनेछ।

६९. मासुमा आत्मनिर्भरताको लागि बाख्रा पकेट साथै माछा पकेटको रूपमा विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

७०. जुनोटिक रोगहरूको बारेमा विद्यालय शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ साथै रेबिज रोग रोकथामको लागि सामुदायिक र घरपालुवा कुकुर, बिरालोमा रेबिज खोप सबै वडाहरूमा सञ्चालन गरिनेछ।

७१. आगामि आ.व. करिब २०० वटा सामुदायिक कुकुर र घरपालुवा कुकुरहरूको स्थायी बन्ध्याकरण शिविर सञ्चालन गरिनेछ।

७२. नमुना मासुपसल सुधारको लागि विभिन्न वडाहरूमा अनुदान प्रदान गरिनेछ। गाई/भैंसीमा देखा परेको बाँझोपन निवारण गर्ने उद्देश्यले कृषकको घरगोठमा नै विज्ञ सेवा सञ्चालन गरिनेछ।

७३. माछापालक कृषकहरूलाई थप व्यावसायिक बनाउन क्षमता विकास साथै माछाका भुराहरूमा अनुदान साथै यस वर्ष पंगासपालनको लागि थप कार्यक्रम सञ्चालन गरिनेछ, माछापालनको लागि चाहिने सामग्री यन्त्र उपकरण, औषधीमा अनुदान दिने व्यवस्था मिलाइनेछ। पालिका भित्र बंगुरपालन गर्ने कृषकहरूलाई उनीहरूको मागको आधारमा कार्यक्रम सञ्चालन गरिनेछ। साथै रोग रोकथाम विरुद्ध खोप लगाइनेछ।

७४. पशु स्वास्थ्यमा प्रयोग हुने डिजिटल माइक्रोस्कोप, साथै अन्य सामग्री उपलब्ध गराई वडाहरूबाट कृषकलाई थप सहयोग पुग्ने गरी कार्यक्रम अगाडी बढाइनेछ।

७५. हरियो घाँस खेती विस्तारको लागि सहुलियत पूर्ण कार्यक्रम सञ्चालन गरी कृषकको उत्पादन लागत कम गरिनेछ। बालबालिकाको पोषण सुधार गर्ने तथा एकल, अल्पसंख्यक, दलित, पिछडिएको समुदायको आर्थिक अवस्था सुधार गर्न उनीहरूको मागमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ।

७६. वडा नं. १ को उत्तरपट्टीका गाउँ र वडा नं. ३ को लागि लक्षित व्यावसायिक बाख्रापालन कार्यक्रम सञ्चालन गरिनेछ। वडा नं. ६ मा माछापालन र भैंसीपालनको लागि सहयोग पुग्ने खालका कार्यक्रम सञ्चालन गरिनेछ।

७७. वडाहरूबाट प्रदान गरिने सेवाको पुनरावलोकन गरी उपलब्ध हुने औषधीको लिस्ट तयार गरी सोही बमोजिम आवश्यक औषधी वितरणको लागि कार्यक्रम अगाडी बढाइनेछ।

७८. माछापालन कृषकको पोखरीको पानीको गुणस्तर परीक्षणको लागि आवश्यक सामग्रीको व्यवस्थापन गरी कृषकको पोखरीमा नै चेकजाँचको व्यवस्था मिलाइनेछ। एक वडा एक उत्पादन कार्यक्रमलाई थप व्यवस्थित बनाई कार्यक्रम निरन्तरता प्रदान गरिनेछ।

७९. पालिकास्थित सम्पूर्ण सहकारी संस्थाहरूको तथ्यांक व्यवस्थित गर्न तथा गतिविधि निगरानीका लागि कोपोमिस प्रणालीमा आवद्ध गराई नियमित प्रतिवेदन प्राप्त हुने व्यवस्था मिलाइनेछ।

८०. सहकारीहरूको विकासका लागि सहकारी शिक्षा तालिम, लेखा व्यवस्थापन तालिम तथा सहकारी संस्थामा काम गर्ने कर्मचारीहरू तथा प्रतिनिधिको लागि क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ र सोको लागि आवश्यक बजेट व्यवस्था गरिनेछ।

८१. सहकारीलाई व्यवस्थित एवम् नियमित रूपमा सञ्चालन गर्न तथा सम्भावित हिनामिनाको जोखिम न्यूनीकरणको लागि सहकारी अनुगमन तथा नियमन गरिनेछ।

८२. सहकारीहरूसँगको समन्वयमा पालिकाबाट सञ्चालन हुने स्वरोजगार प्रवर्द्धन, गरिवी निवारण, कृषि विकास, पशु सेवाका कार्यक्रमहरू सञ्चालन हुने व्यवस्था गरिनेछ।

८३. उद्योगको स्थापना, विकास र प्रवर्द्धनको लागि विभिन्न औद्योगिक पूर्वाधार निर्माण, औद्योगिक क्षेत्र पहिचान तथा निर्धारण गरी औद्योगिक वातावरण बनाउन आवश्यक नीतिगत तथा कानूनी व्यवस्था गरिनेछ र आवश्यक बजेट विनियोजन गरिनेछ। स्वरोजगार प्रवर्द्धनका लागि सीप विकासका कार्यक्रमहरू, नयाँ उद्यमी सिर्जनाका लागि आवश्यक प्रबन्द्ध गरिनेछ।

८४. स्वच्छ व्यावसायिक गतिविधि सञ्चालनका लागि नियमित बजार अनुगमन, व्यवसाय दर्ता अभियान तथा व्यवसाय प्रवर्द्धन तथा उत्प्रेरणाका कार्यक्रमहरू सञ्चालन गरिनेछ। दर्ता नगरी तथा इजाजत नलिई सञ्चालनमा रहेका व्यवसायहरूको कडाईका निगरानी गरिनेछ।

८५. बेरोजगार व्यक्तिहरूको तथ्यांक संकलन तथा विश्लेषण गरी रोजगार सूचना व्यवस्थापन प्रणालीमा बेरोजगारको सूची अद्यावधिक र व्यवस्थित गरिनेछ।

८६. पालिकाभित्र उपलब्ध रोजगारीका अवसरहरूको पहिचान गरी सोको सूचना प्रवाह गरिनेछ। स्थानीय स्तरमा रोजगार रणनीति तयार तथा अद्यावधिक गरिनेछ, जसबाट स्थानीय जनसंख्या, स्रोत र साधन, सामाजिक, आर्थिक तथा रोजगारीको तथ्यांक विश्लेषण गरिनेछ।

८७. स्थानीय स्तरमा रोजगारीको प्रवर्द्धनका लागि सार्वजनिक निर्माण कार्यहरूमा सम्भव भए सम्म श्रममूलक प्रविधिको प्रयोग गरी रोजगारी सिर्जनामा जोड दिइनेछ।

८८. वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूलाई सामाजिक तथा आर्थिक रूपमा सक्षम बनाउनका लागि पुनः एकीकरण कार्यक्रमहरू सञ्चालन गरिनेछ।

८९. मृतक कामदारको नजिकका हकवालालाई आर्थिक सहायता प्रदान, अङ्गभङ्गलाई आर्थिक सहायता, कामदारका परिवारलाई स्वास्थ्य उपचार सहयोग, शव व्यवस्थापन, उद्धार सम्बन्धी कार्य, छात्रवृत्ति कार्यक्रम वैदेशिक रोजगारीमा गएर अङ्गभङ्ग तथा मृत्यु भएका परिवारको लागि वैदेशिक रोजगार बोर्डबाट प्राप्त गर्ने आर्थिक सहायतामा सहजीकरण गरिनेछ।

९०. पालिकामा सूचीकृत बेरोजगार व्यक्तिहरूलाई निजी क्षेत्रहरूमा काम गर्नेको लागि सरोकारवाला तथा रोजगारदाताहरूसँग समन्वय तथा सहजीकरण गरिनेछ, सीपमूलक जीवनोपयोगी तालिमहरूमा सूचीकृत बेरोजगार व्यक्तिहरूलाई प्राथमिकतामा राखिनेछ।

९१. कन्सुलर तथा कानूनी परामर्श सेवाहरू जस्तो खोजतलास र उद्धार सम्बन्धी कार्य, विदेशबाट मृतकको शव झिकाउने, क्षतिपूर्तिका लागि निवेदन दिने कार्यहरू रोजगार सेवा केन्द्रबाटै गरिनेछ।

## पूर्वाधार विकासतर्फका नीति तथा कार्यक्रमहरू

९२. गाउँ गौरवका योजनाको रूपमा सुरुवात गरिएको सडक कालोपत्रे गर्ने कार्यलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ। वडा नं. १ देखि ७ सम्म जोड्ने पालिका मार्ग, **बासा-मनरी-भिमटाँडी-सरावल-गोबरहिया-धनगढवा** हुँदै भुजहवा सडकलाई व्यवस्थित स्तरोन्नती तथा सुन्दरीकण गरिनेछ । साथै अन्य सहायक, अन्तरवडा जोड्ने सडकहरूलाई स्तरोन्नती गर्न संघ, प्रदेश सरकार संग समन्वय तथा स्थानीय प्राथमिकतामा राखिनेछ ।

९३. पूर्वाधार विकासको कार्यलाई व्यवस्थित गर्न प्रत्येक वडाका सडक, खानेपानी, सिंचाई र फोहोर व्यवस्थापन गर्न आगामी वर्ष सञ्चालन गरिने संभावित ठूला आयोजनाहरूको परियोजना बैंक तयार गरी क्रमशः कार्यान्वयन गरिनेछ।

९४. अत्यावश्यक सडक मर्मत कार्यको लागि नयाँ योजनाको कम्तिमा १० प्रतिशत रकम कार्यक्रम बनाई बजेट विनियोजन गरिनेछ।

९५. गाउँक्षेत्रभित्र तथा वाहिरका सडकलाई एकिकृत तवरले यातायातको सुविधा पुर्याउन यातायात गुरुयोजना तयारगरी सोही बमोजिम सडक निर्माण तथा विस्तार गरिनेछ । पालिकाभित्रको सबै सडकको लगतकट्टा गरी अभिलेखिकरण गर्दै सडक अद्यावधिक गर्ने व्यवस्था मिलाइनेछ ।

९६. पालिकाभित्रका मुख्य सडक तथा भित्रि सडकहरू घरधनीले सडकको पानी निकास तथा आवागमननै अवरुद्ध हुनेगरी सडकमा निर्माण सामाग्री लगायत व्यक्तिगत प्रयोजनका लागि प्रयोग गर्नेकार्य लाई निरुत्साहित गरि त्यस्तो गरेको पाईएमा कानूनबमोजिम कारवाहीको दायरामा ल्याउने व्यवस्था गरिनेछ ।

९७. संघिय सरकार समेतको समन्वयमा पालिका आसपासको क्षेत्र गोबरहिया देखि श्रीनगर सम्म फुटपाथ सहितको सडक सौन्दर्यिकरण गरी पालिका सौन्दर्यीकरण अभियानको सुरुवात गरिनेछ ।

९८. बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ तथा शहरी योजना तथा भवन निर्माण मापदण्ड, २०७२को पुर्ण पालनामा जोड दिइनेछ । साथै

सबै सरोकारवालाहरूलाई नयाँ सडकको राइट अफ वे कम्तिमा ६ मिटर र पुरानो सडकको कम्तिमा ४ मिटर कायम गरी योजना कार्यान्वयन गर्न निर्देशन गरिनेछ।

९९. नेपाल सरकार तथा प्रदेश सरकारको समपूरक अनुदानबाट सञ्चालित हुने आयोजनाहरू सडकबोर्ड नेपालसँगको साझेदारीमा हुने निर्माण तथा मर्मत कार्यको लागि म्याचिङ फण्डको व्यवस्था गरिनेछ।

१००. **देविनगर-पटखौली-मनरी-सरावल-गोबरहिया-भुजहवा** सडक निर्माणलाई यसै वर्ष सम्पन्न गरिनेछ। साथै तुलसीनगर पथरहिया सडकलाई यसै वर्ष सम्पन्न गर्न आवश्यक व्यवस्था गरिनेछ।

१०१. सार्वजनिक बजेटबाट निर्माण हुने सार्वजनिक पाटी, पौवा, पोखरी आदि व्यक्तिगत जग्गामा बनाउन पाइने छैन। व्यक्तिगत जग्गामा यस प्रकारका निर्माण कार्यका लागि बजेट विनियोजन गरिने छैन। तर सार्वजनिक प्रयोजनको लागि कसैले निजी जग्गा दान गर्न चाहेमा उचित सम्मान गरिनेछ। सार्वजनिक कुलो, पैनी, पोखरी, नहर पुरेर नयाँ सडक निर्माण गर्ने प्रवृत्तिलाई निरुत्साहन गर्न त्यस्ता कार्यक्रममा बजेट विनियोजन गरिने छैन।

१०२. गाउँपालिकाका सबै खेती योग्य जमिनमा सिँचाइ सुविधा पुर्याउन स्यालो ट्युवेल, बोरिङ जडान, तथा विद्युतीय मोटर लगायत आवश्यक व्यवस्था मिलाइनेछ साथै सिँचाइ कुलोहरूको समय समयमा नै मर्मत संभारको व्यवस्था मिलाइनेछ।

१०३. सिंचित क्षेत्र विस्तार गरी क्रमशः वडा नं. ७ देखि १ सम्म पूर्ण सिँचाइयुक्त वडा घोषणा गरी पालिकालाई कृषिजन्य उत्पादनमा आत्मनिर्भर बनाउँदै लगिनेछ। बाढी नियन्त्रणको लागि खोला सरसफाइ गरिनेछ।

१०४. गाउँपालिकाका मुख्य मुख्य सडकहरूमा गाउँपालिका र उपभोक्ताको लागत सहभागितामा सौर्यबत्ति जडान गरी उज्यालो सरावल अभियान गरिनेछ।

१०५. गोबर ग्याँसमा निश्चित प्रतिशत अनुदान उपलब्ध गराइनेछ एवम् गाउँपालिका भित्रका विद्युत प्रसारणलाई व्यवस्थित र भरपर्दो बनाउन पुराना र होचा विद्युत पोलहरू क्रमशः विस्थापित गरिनेछ। विद्युत नपुगेको स्थानमा विद्युत पुर्याउने, कृषि विद्युतीकरण गर्ने एवम् विद्युतको कम भोल्टेजको समस्या निराकरण गर्न नेपाल विद्युत प्राधिकरणको समन्वयमा आवश्यक कदम चालिनेछ।

१०६. गाउँपालिकाको आफ्नै प्रशासकीय भवन निर्माण कार्यलाई सुरुवात गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ।

१०७. वडा कार्यालयहरूलाई आफ्नै भवनबाट कार्यसञ्चालन गर्नका लागि आवश्यक स्रोत निर्माण तथा प्रबन्ध मिलाइनेछ। यस क्रममा यो वर्ष वडा नं. ६ र ७ मा नयाँ वडा कार्यालय भवन निर्माण सम्पन्न गरिनेछ।

१०८. गाउँपालिका क्षेत्रभित्र रहेका ऐलानी, पर्ती र सार्वजनिक जमिनको खोजी गरी त्यस्ता जमिनको लगत तयार पार्ने, रेखांकन गर्ने र संरक्षण गर्ने कार्यको प्रारम्भ गरिनेछ।

१०९. गाउँपालिकाका सबै वडा केन्द्रहरूसम्म क्रमशः कालोपत्रे सडक निर्माण गरिनेछ। साथै दुई पालिका जोड्ने सडकहरू कालोपत्रे गर्ने कार्यलाई निरन्तरता प्रदान गरिनेछ।

११०. गाउँपालिका भित्र अब बन्ने नयाँ भवनको नक्सापास गरी निर्माण कार्य सुरु गर्न स्थानीय वासीलाई भवन निर्माण मापदण्ड र भवन निर्माण संहिताको अभिमुखीकरण गरिनेछ।

१११. गाउँपालिका भित्रका सबै बाटो/पथको नामाकरण गरी वैज्ञानिक घर नम्बर वितरण गर्ने र सडक सुन्दरीकरण गर्ने कार्यको प्रारम्भ गरिनेछ। साथै सडक किनारामा विरुवा लगाउन प्रोत्साहन गरिनेछ।

## <u>वन, वातावरण तथा विपद् व्यस्थापन तर्फका नीति तथा कार्यक्रमहरू</u>

११२. सरावल गाउँपालिकामा रहेका आकस्मिक विपद् व्यवस्थापन कोषको रकमलाई वृद्धि गरिनेछ। स्थानीय विपद् व्यवस्थापन समिति मार्फत विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना र जोखिम न्यूनीकरण तयारीको कार्य गरिनेछ।

११३. विपद् न्यूनीकरणका लागि पूर्व सूचना प्रणाली स्थापनाका लागि प्रक्रिया अगाडी बढाइनेछ र विपद्बाट हुनसक्ने क्षतिलाई न्यूनीकरण गर्न आवश्यक कार्यक्रम तर्जुमा र कार्यान्वयन गरिनेछ। विपद् परेका नागरिकलाई राहत उद्धारमा स्थानीय स्तरका विपद् व्यवस्थापन समितिलाई सक्रिय बनाइनेछ तथा समितिका सदस्यको क्षमता अभिवृद्धिको लागि तालिम प्रदान गरिनेछ।

११४. यस गाउँपालिकामा रहेको भलुही, झरही, धनेवा खोलामा ड्याम बनाई तटबन्ध गरी डुबानको समस्यालाई समाधान गर्न पहल गरिनेछ।

११५. वन तथा वातावरण संरक्षणको लागि प्रत्येक नक्सा पास गर्ने घर धनीले दुई विरुवा रोप्न प्रोत्साहित गरिनेछ। विपद् उत्थानशील संरचना निर्माण गर्न जोड दिइनेछ। सडक, नाला, सार्वजनिक र खुला स्थानमा फोहोर फाल्नेलाई कारबाही गर्ने नीति लिइनेछ। बजार क्षेत्रमा सार्वजनिक शौचालयको व्यवस्था गरिनेछ।

११६. वडा समिति एवं समुदायको सहभागितामा सार्वजनिक जग्गाको संरक्षण गरिनेछ। प्राकृतिक सम्पदाको अनाधिकृत तथा अवाञ्छित दोहन हुन नदिन विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ। नदिजन्य पदार्थ उत्खनन र ठुलो योजनामा प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन गरिनेछ।

११७. खाली सार्वजनिक जग्गामा वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ। साथै निजी जग्गामा वृक्षारोपण गर्न चाहने व्यक्तिलाई प्रोत्साहन गर्न र विरुवा खरिदमा अनुदान उपलब्ध गराइनेछ।

११८. स्थानीय समुदायसँगको सहकार्यमा नदी, खोला, घोला, कुलो र नाला सफाइ गरिनेछ।

११९. सिमसार, बाँध, तालतलैया, नदीको संरक्षण, मर्मत तथा तटबन्ध गर्ने कार्यक्रम सञ्चालन गरिनेछ जसबाट पानी संचय भई वातावरणीय संरक्षण सहित सिँचाइ व्यवस्था मिलाइनेछ।

१२०. सार्वजनिक जग्गा संरक्षण गर्न स्थानीय समुदायलाई प्रोत्साहन एवम् परिचालन गरिनेछ, त्यस्ता जग्गा तारबार गरी सार्वजनिक प्रयोगमा उपयोग गरिनेछ।

१२१. सडक छेउमा वृक्षारोपण (Tree Guard) सहित गरी हरित गाउँपालिका निर्माणमा जोड दिइनेछ। जलवायु अनुकूलन तथा खाद्य सुरक्षा एवम् खाद्य सम्प्रभुता सुनिश्चित गर्न सहभागितामूलक कार्यक्रम सञ्चालन गर्ने, पालिका भित्र पाइने लोपोन्मुख तथा संकटापन्न जीवजन्तु, वनस्पति संरक्षणको लागि आवश्यक कार्ययोजना तयार गरी लागू गरिनेछ।

## सुशासन तथा संस्थागत क्षमता विकासतर्फका नीति तथा कार्यक्रम

१२२. जनप्रतिनिधि, कर्मचारी, शिक्षक, विद्यार्थी एवम् गाउँपालिकावासीमा समेत जीवन व्यवस्थापन कला, काम तथा जीवन बीचको सन्तुलन एवम् सदाचारयुक्त स्वस्थ जीवनयापनलाई लक्षित गरी योग ध्यान, तनाव व्यवस्थापन तथा सकारात्मक सोंच सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

१२३. प्रत्येक कर्मचारीको कार्यविवरण तयार गरी कार्यसम्पादन सम्झौतासँग आवद्ध गरी कार्यसम्पादनमा आधारित वृत्ति प्रणाली लागू गरिनेछ।

१२४. पुंजिगत खर्च वृद्धिका लागि योजना तथा पुर्वाधार विकास शाखा लगायतको कर्मचारी तथा सम्बन्धित पदाधिकारीको क्षमता विकास गरिनेछ ।

१२५. कर्मचारीको क्षमता अभिवृद्धि गर्न सफल एवम् असल अभ्यास अनुशरण गरेका स्थानीय तहको भ्रमण तथा सिकाई आदान प्रदान गर्न कार्यक्रम सञ्चालन गरिनेछ। कर्मचारीहरूलाई कार्यसम्पादनका आधारमा पुरस्कार र दण्डसँग जोडी सेवाग्राही प्रति थप जवाफदेही र जिम्मेवार बनाइने नीति लिइनेछ।

१२६. गाउँपालिकाको आफ्नै मोबाइल एप सञ्चालन गरी गाउँपालिकाबाट उपलब्ध हुने सेवासुविधाको बारेमा सरोकारवाला सबैलाई जानकारी गराइनेछ।

१२७. गाउँपालिकाको निश्चित स्थानबाट निःशुल्क वाईफाईको सुरुवातका लागि आवश्यक प्रवन्ध मिलाइनेछ। पालिकाभित्र नेपाल टेलिकमको नेटवर्क नलाग्ने समस्यालाई निराकरण गर्न आवश्यक यन्त्र उपकरण थप तथा क्षमता विस्तारका लागि नेपाल टेलिकमसँग समन्वय गरिनेछ।

१२८. सूचनामा गाउँपालिकावासीको सहज पहुँच वृद्धिका लागि गाउँपालिकाको वेबसाइट तथा डिजिटल प्रोफाइललाई अद्यावधिक गरी सबैको पहुँचमा पुर्याई सेवा प्रवाहमा सक्षमता ल्याईनेछ।

१२९. गाउँपालिकाको कार्यालय, वडा कार्यालय तथा विषयगत शाखा तथा एकाइहरूको सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री बनाई विद्युतीय शासन प्रणालीको विकास गरिनेछ। गाउँपालिका भित्रका सबै वडा कार्यालय, स्वास्थ्य चौकी, सामुदायिक विद्यालयमा इन्टरनेटको सहज उपलब्धतामार्फत सेवा प्रवाहलाई छिटो छरितो र प्रविधियुक्त बनाईनेछ।

१३०. गाउँपालिकाबाट हुने सेवा प्रवाहका बारेमा जानकारी गराउने उद्देश्यले विद्युतीय नागरिक वडापत्रलाई थप व्यवस्थित एवं प्रभावकारी बनाई सेवाग्राहीलाई सहज तथा सेवा प्रवाह छिटो र छरितो उपलब्ध गराइनेछ । गाउँपालिकाको सेवा प्रवाह मापदण्डलाई कडाईका साथ पालना गरिनेछ।

१३१. प्रत्येक वडा कार्यालय, स्वास्थ्य चौकी, गाउँपालिका कार्यालयमा अनलाइन मार्फत समेत गुनासो संकलनको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

१३२. मेलमिलाप कक्ष सञ्चालन तथा व्यवस्थापन गर्न, न्यायिक समिति तथा न्याय सम्पादन कार्यमा संलग्न कर्मचारीहरूलाई क्षमता विकास गर्न आवश्यक पुनर्ताजगी तालिम सञ्चालन गरिनेछ।

१३३. न्याय सम्पादन सम्बन्धी नतिजा सुधार गर्न मासिक, त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक समीक्षा साथै सो सम्बन्धमा देखा परेका गुनासोहरू सम्बोधन गर्ने र न्याय सम्पादनलाई चुस्त दुरुस्त बनाउन न्यायिक समिति मेलमिलापकर्ता र सरोकारवालाहरूबीचमा समय-समयमा अन्तरक्रिया मार्फत न्याय सम्पादनको कार्यलाई व्यवस्थित बनाईनेछ ।

१३४. नियमित रूपमा नागरिक सन्तुष्टी सर्वेक्षण गरी सोबाट प्राप्त नतिजाको आधारमा सेवा प्रवाहमा सुधार ल्याउने व्यवस्था मिलाइनेछ ।

१३५. गाउँपालिकाले गरेका विकास निर्माणका कामहरूको वार्षिक रूपमा सामाजिक परीक्षण गराउने व्यवस्था मिलाइनेछ । साथै गाउँपालिकाको सेवा प्रवाह तथा विकास निर्माणमा गाउँपालिकावासीको अपनत्व र स्वामित्वसहित नागरिक निगरानी तथा जानकारीका लागि वडास्तरीय र पालिकास्तरीय सार्वजनिक सुनुवाईको आयोजना गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१३६. सेवा प्रवाहको लागि आवश्यक न्यूनतम प्रशासनिक खर्चको लागि बजेट विनियोजन गरी प्रशासनिक संरचना र कार्यलाई मितव्ययी बनाउन अनुत्पादक खर्चमा कटौती गर्ने। आर्थिक कार्यप्रणालीलाई चुस्त र दुरुस्त बनाई प्रविधिको प्रयोग तथा आन्तरिक नियन्त्रण प्रणालीबाट वित्तीय सुशासन कायम गरिनेछ ।

१३७. आन्तरिक नियन्त्रण प्रणाली मापदण्डको प्रभावकारी कार्यान्वयन गर्दै गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली मजबुत बनाईनेछ । साथै अन्तिम लेखा परीक्षणबाट औंल्याइएका बेरुजु रकमहरूलाई फछ्यौंट गर्ने व्यवस्था मिलाई आगामी दिनहरूमा शून्य बेरुजु कायम गर्नेतर्फ विशेष पहल गरिनेछ ।

१३८. स्वयम् कर निर्धारण पद्धतिमार्फत करदातालाई स्वतस्फुर्त रूपमा कर तिर्ने साथै विगत लामो समय देखि उठ्न नसकेका राजश्वलाई **कर संकलन अभियान** संचालन गरी जरिवाना रकममा केहि समयावधिको लागि सत प्रतिशत छुट दिई संकलन गर्ने कानूनि व्यवस्था मिलाईनेछ । साथै करदाता शिक्षा अभियान मार्फत नियमित र सबै भन्दा बढी कर तिर्ने करदातालाई सम्मान गरिनेछ ।

१३९. गाउँपालिकामा राजस्व एकाइलाई व्यवस्थित गरी घरबाटै कर तिर्न सक्ने गरी आवश्यक व्यवस्था गरिनेछ। साथै राजस्व संकलनमा तालिम प्राप्त कर्मचारी र सूचना प्रविधिको माध्यम उपयोग गरी राजस्व संकलनमा प्रभावकारिता ल्याइनेछ।

१४०. करको दर र दायरालाई यथार्थपरक बनाई पालिकाको आन्तरिक आयलाई थप सुदृढ गरिनेछ। **"कर तिरौं विकासमा सहभागी बनौं"** भन्ने नारालाई आत्मसात गर्दै स्थानीय उद्योगी व्यवसायको सहभागितामा व्यवसाय दर्ता अभियान संचालन गरिनेछ।

१४१. गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका कार्यहरू गर्दा संघीय सरकार, प्रदेश सरकार, अन्य पालिका तथा निकायहरूसँग आवश्यक समन्वय गरी संस्थागत सुशासन कायम गर्न, सेवा प्रवाहमा प्रभावकारिता र सरलता विकास गर्ने नीति कार्यान्वयन गरिनेछ।

१४२. पालिका एक्लैले सञ्चालन गर्न कठिनाई हुने आवश्यक सेवाहरू जस्तै दमकल सञ्चालन, डम्पिङ साइट निर्माण तथा सञ्चालन, कोल्ड स्टोर, अस्पताल, अन्तरपालिका सडक सञ्जाल निर्माण लगायतका अन्य ठूला परियोजनाहरू निर्माण तथा सञ्चालनमा अन्य छिमेकी पालिकाहरूसँग सहकार्य तथा समन्वय गर्ने तथा नियमित रूपमा अन्तरपालिका बैठक बस्ने व्यवस्था मिलाईनेछ।

**आदरणीय सभाका सदस्यज्यूहरु,**

अन्त्यमा, " **स्वास्थ्य, शिक्षा, कृषि र पुर्वाधारः समृद्ध सरावलको आधार** " भन्ने मुल नारा लाई स्थापित गर्न यो नीति तथा कार्यक्रमको महत्वपूर्ण योगदान रहने विश्वास लिएको छु। सबल र समृद्ध गाउँपालिका निर्माणमा साथ दिनुहुने सम्पुर्ण निर्वाचित जनप्रतिनिधि, गाउँपालिकाबासी, नेपाल सरकार, लुम्बिनी प्रदेश सरकार, राजनीतिक दल, विकास साझेदार संस्था, निजी क्षेत्र, राष्ट्रसेवक कर्मचारी, संचार जगत, सुरक्षाकर्मी, नागरिक समाज, गैह्र सरकारी संघ संस्था, वर्तमान र निवर्तमान जनप्रतिनिधिहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्दै आगामी दिनमा यहाँहरुको सक्रिय सहयोगको अपेक्षा गर्दछु ।

**धन्यवाद !!**

**सूखाडी प्रसाद चौधरी**

**अध्यक्ष**